# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्ड:८ | संख्या:१५ | २०८१ साल चैत्र १९ गते |
|---|---|---|

## भाग:२

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

पहिलो संशोधनः २०८१।१२।१९

**<u>नरेश्वर उद्यमशील विद्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९</u>**

प्रस्तावना: नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७९ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०८।२२ गते बसेको ५३ औं बैठकबाट "नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन, २०८१) स्वीकृत गरी लागू गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "नरेश्वर उद्यमशील माध्यमिक विद्यालय (सञ्चालन र व्यवस्थापन) संशोधन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) कार्यविधि,२०७९ दफा ६ मा संशोधन: नरेश्वर उद्यमशील विद्यालय (सञ्चालन र व्यवस्थापन) पहिलो संशोधन कार्यविधि,२०७९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ६(१) को देहायका खण्डहरु हटाइएको छ :-

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(च) उद्यम विकास शाखा प्रमुख – सदस्य

(छ) कृषि विकास शाखा प्रमुख – सदस्य

(ज) पशुपञ्छि विकास शाखा प्रमुख – सदस्य

३. मूल कार्यविधिको दफा ६(१) खण्ड (ञ) मा संशोधन: मूल कार्यविधिको दफा ६ को उपदफा (१) को खण्ड (ञ) मा देहायबमोजिम संशोधन गरिएको छ: विद्यालयका अभिभावकहरू मध्ये अध्यक्षले मनोनित गरेका १ जना महिला, १ जना दलित सहित भन्ने शब्दहरूको सट्टा देहाएका शब्दहरू राखिएको छ : "विद्यालयका अभिभावक, जग्गादाता शिक्षाप्रेमीहरू मध्ये अध्यक्षले मनोनित गरेका १ जना महिला, १ जना दलित सहित ५ जना"

४. मूल कार्यविधिको दफा ७ मा संशोधन: मूल कार्यविधिको दफा ७ को खण्ड (ङ) पश्चात खण्ड (च) थप गरि देहायका अनुसार थप गरिएको छः (च) विद्यालयले प्राप्त गरेको दरबन्दी वा वित्तिय समानिकरण अनुदान बाहेक अन्य अनुदान र विद्यालयको आन्तरिक स्रोतबाट विद्यालयले प्रशिक्षक राख्न सक्नेछ ।

५. मूल कार्यविधिको दफा ९ मा संशोधन: मूल कार्यविधिको दफा ९ मा देहायबमोजिम संशोधन गरिएको छ:- उद्यमशील कार्यक्रमको लागि लक्षित समूह श्री नरेश्वर उद्यमशील विद्यालयमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरू हुनेछन भन्ने शब्दहरूको सट्टा "उद्यमशील कार्यक्रमको लागि लक्षित समूह श्री नरेश्वर उद्यमशील माध्यमिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरू हुनेछन" भन्ने शब्दहरु राखिएको छ।

६. मूल कार्यविधिको दफा १० मा संशोधन: मूल कार्यविधिको दफा १० को उपदफा (१) मा देहायबमोजिम संशोधन गरिएको छ:- कक्षा ९, १०, ११ र १२ मा भन्ने शब्दहरूको सट्टा "कक्षा ६ देखि १२ मा" भन्ने शब्दहरू राखिएको छ ।

७. मूल कार्यविधिको दफा १२ मा संशोधन: मूल कार्यविधिको दफा १२ को उपदफा (१) मा देहायबमोजिम संशोधन गरिएको छ: कक्षा ९ देखि १२ भन्ने शब्दहरूको सट्टा "कक्षा ६ देखि १२" भन्ने शब्दहरू राखिएको छ ।

८. मूल कार्यविधिको दफा १३ (४) मा संशोधन: खण्ड 'च' थप गरि देहाएको व्यवस्था गरिएको छ: (च) "नेपाली नागरीकबाट प्राप्त रकम" भन्ने शब्द राखिएको छ।

९. मूल कार्यविधिको दफा १३ (४) खण्ड 'ज' मा संशोधन: मूल कार्यविधिको दफा १३ को उपदफा (४) को खण्ड (ज) मा देहाएका शब्दहरू हटाइएको छ:- "कक्षा ६ देखि १२"

१०. मूल कार्यविधिको दफा १६(१) मा संशोधनः मूल कार्यविधिको दफा १६ को उपदफा (१) मा कक्षा ९ देखि १२ भन्ने शब्दहरू सट्टा “कक्षा ६ देखि १२” भन्ने शब्दहरू राखिएको छ।

११. मूल कार्यविधिको दफा १६ (३) मा संशोधनः छात्राबासमा लाग्ने खर्च भन्ने शब्दहरू पश्चात “कुनै व्यक्ति, विद्यालय” भन्ने शब्दहरू राखिएको छ।

आज्ञाले
तिलक वि.क
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८१।१२।१९